# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, आश्विन १ गते २०३० साल

श्री ५ को सरकार

### संचार मन्त्रालयको

### सूचना

श्री ५ को सरकार, हुलाक सेवा विभागले चलाएको हुलाक आदेशको प्रचलनलाई व्यापक गराई सर्वसाधारणलाई यसको सेवा सुलभ गराउने उद्देश्यले देहायको आदेश जारी गरेको छ। तद्अनुसार सबै सरकारी अड्डा अदालतहरूले गर्नु गराउनु होला ।

१. श्री ५ को सरकारको राजस्व जतिसुकै परिमाणमा भएपनि असूल तहसील गर्ने गैर अड्डा अदालतहरूले त्यस्तो तहसील गर्दा नगदको बदला भुक्तानी भई नसकेको हुलाक आदेश बुझिलिने सम्बन्धित पार्टीको तर्फबाट ल्याएमा हुलाक आदेशमा अङ्कित रकम नगद सरह बुझिलिनुपर्छ । साथै श्री ५ को सरकारमा कुनै रकम बुझाउन पर्ने नभए पनि हुलाक आदेशको भुक्तानी माग्न आएमा उपरोक्तबमोजिम राजस्वको समेत काम गर्ने गैर सरकारी अड्डा अदालतहरूले राजस्व तहसीलको मौज्दातबाट हुलाक आदेश खरीद गरी लिनेछन् ।

२. त्यसरी खरीद भएको हुलाक आदेशलाई नगद सरह सुरक्षित राख्नुपर्छ । अड्डा अदालत-हरूले र देहायको नं. ६ अनुसार हुलाक आदेश भुक्तानी दिने बैङ्कहरूले समेत हुलाक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आदेशसम्बन्धी काम गर्ने नजिकको हुलाकमा चलानीसाथ भुक्तानी गरिएका हुलाक आदेशहरू पठाई नगद लिने र हुलाकहरूले भुक्तानी दिइएका हुलाक आदेशहरू हुलाकसेवा विभागको हुलाक आदेश शाखामा प्रत्येक महीना पठाउनुपर्छ ।

३. यसरी हुलाकहरूबाट भुक्तानी हुलाक आदेशहरू प्राप्त भएपछि प्रत्येक हप्ता हुलाक सेवा विभागको हुलाक आदेश शाखाले तत्सम्बन्धी खर्च लेख्ने रकम किटान गरी नेपाल राष्ट्र-बैङ्क, बैङ्किङ्ग अफिसलाई जनाउ दिनुपर्छ । बैङ्किङ्ग अफिसले पनि हुलाक सेवा विभागको पत्रमा उल्लेखित रकम श्री ५ को सरकारको सम्बन्धित खातामा खर्च लेखी हुलाक आदेशहरू पठाउने हुलाक सेवा विभाग अन्तर्गतको सम्बन्धित कार्यालयको आम्दानी भनी सर्व संचित कोषमा दाखिल गरी त्यसको एक प्रति भौचर हुलाक सेवा विभागमा पठाउनेछ । हुलाक सेवा विभागले पनि सो भौचर हुलाक सेवा विभागको राजस्व शाखालाई उपलब्ध गराई सम्बन्धित हुलाक आदेश पठाउने कार्यालयलाई जानकारी दिनेछ । सम्बन्धित कार्यालयले पनि हुलाक सेवा विभागको जानकारी प्राप्त भएपछि स्रेस्तामा खर्च देखाउनु पर्छ ।

४. भुक्तानी भएका हुलाक आदेशहरू हुलाक कार्यालयमा नै जम्मा भई त्यहाँबाट सोझै हुलाक सेवा विभागमा पठाइने हुंदा यस्तो भुक्तानी भएका हुलाक आदेशहरू बैङ्कहरूले नेपाल राष्ट्रबैङ्क, बैङ्किङ्ग अफिसमा पठाउने सम्बन्धमा पूर्वको कार्यविधि केही पनि गर्न नपर्ने र बिक्रीबाट प्राप्त रकम ट्रान्सफर गराउने सम्बन्धमा भने पूर्ववत् नै गर्ने गर्नुपर्छ ।]

५. माल अड्डा वा अरू सरकारी अड्डा अदालतहरूले वा बैङ्कहरूले समेत भुक्तानी दिएको हुलाक आदेशहरूमा भुक्तानी भयो भन्ने जनाई अड्डाको छाप र दस्तखत लगाउनुपर्छ र यसरी भुक्तानी भईसकेको हुलाक आदेश जनताको हातमा नगद सरह फिर्ता जानु हुँदैन । साथै कुनै परिबन्दबाट भुक्तानी भईसकेको हुलाक आदेश जनताको हातमा पर्न गएको रहेछ भने त्यस्तोको पुनः भुक्तानी हुन सक्तैन र त्यस्तो फेला परेमा सो हुलाक आदेश तुरुन्त खिचिलिई भुक्तानी माग्ने व्यक्तिउपर कानूनी कारवाई गर्नुपर्छ ।

६. हुलाक आदेशको भुक्तानी दिंदा बैङ्क र सरकारी अड्डा अदालतहरूले क्रस चिन्ह लागेको वा नलागेको समेत दुबै किसिमको हुलाक आदेशहरूको तुरुन्त भुक्तानी दिनुपर्छ ।

७. हुलाक आदेशको भुक्तानी दिंदा साधारणतः कुनै सनाखत (आइडेन्टिफिकेशन) लिनु पर्ने छैन तापनि कुनै कुरामा शंका लागेमा सनाखत लिन सकिनेछ ।

८. कसैले नक्कली हुलाक आदेश बनाई भुक्तानीको लागि पेस गरेमा नक्कली हुलाक आदेश भनी थाहा पाउन नसकिने अवस्था परी भुक्तानी हुन गएछ भने भुक्तानी दिने अधिकारी जवाफ देही हुने छैन तापनि यस अपराधको अनुसन्धानको लागि निज अधिकारीले आवश्यक सहयोग दिन पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

302

९. हुलाक आदेशको बिक्री हुलाक अड्डाहरूबाट मात्र हुनेछ । बिक्रीबाट प्राप्त रकम र कमिशनको रकम हप्तावारी किसिमले सम्बन्धित हुलाक अड्डाहरूले नजिकमा रहेको नेपाल राष्ट्रबैंङ्क, वाणिज्य बैङ्कवा नेपाल बैङ्कमा र बैङ्क नभएको जिल्लामा मालमा दाखिल गर्नु पर्छ र त्यसको बोधार्थ हुलाक सेवा विभागलाई पठाउनुपर्छ, त्यसरी दाखिल हुन आएको रकमलाई बैङ्कहरूले छुट्टै व्यवस्थाद्वारा केन्द्रमा पठाउने हुनाले मालको हकमा देहायबमोजिम गर्नु पर्छः–

(क) यस्तो रकम प्राप्त भएपछि कौशी तोषाखाना काठमाडौंको आम्दानी भन्ने व्यहोरा जनाई तुरुन्त आम्दानी बांधी त्यस्को रसीदमा हुलाक आदेशको बिक्रीको र कमिशनको एक मुष्ट रकम छुट्टा-छुट्टै देखाई रसीद गरी दिनु र सो रसीदबमोजिमको रकम नेपाल राष्ट्रबैङ्क, बैङ्किङ्ग अफिसलाई बुझाई दिनु भनी सम्बन्धित मालले कौशी तोषाखाना काठमाडौंलाई लेखिपठाई त्यसको बोधार्थ सम्बन्धित हुलाक र हुलाक सेवा विभागलाई समेत दिनुपर्छ ।

(ख) कौशी तोषाखानाले मालको पत्र र रसीद प्राप्त गरेपछि व्यहोरा जनाई रसीद-बमोजिमको रकम खर्च लेखी हुलाक आदेश खातामा जम्मागर्ने बैङ्किङ्ग अफिसलाई लेखिपठाई हुलाक सेवा विभागलाई बोधार्थ दिनुपर्छ ।

(ग) हुलाक सेवा विभागले यसरी बैङ्क दाखिल भएको र माल दाखिल भएको रकम अन्तमा हुलाक आदेश खातामा जम्मा हुन आएको छ भन्ने कुराको निश्चय गर्न आवश्यक स्रेस्ता खडा गरी आर्थिक बर्षको अन्तमा हिसाव मिलान गरी कमिशन बापत प्राप्त भएको रकम एकमुष्ट सर्व संचित कोष दाखिल गरी महालेखा परी-क्षकको विभागबाट लेखापरीक्षण गराई राख्नुपर्छ ।

१०. यो आदेश लागू हुनभन्दा अगाडि छपाई राखेको हुलाक आदेशहरूको हुलाकबाट मात्र भुक्तानी पाउने भन्ने उल्लेख भए तापनि बैङ्क र राजस्व आम्दानी गर्ने सबै श्री ५ को सरकारको अड्डा तथा अदालतहरूले भुक्तानी दिने र नगद सरह बुझिलिने गर्नुपर्छ ।

आज्ञाले–
तीर्थराज तुलाधर
श्री ५ को सरकारको का.मु. सचिव

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।